# पुतलीबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर ०१, स्याङ्जा
गण्डकी प्रदेश , नेपाल

(पुतलीबजार न.पा, वातावरणीय अध्ययन कार्यबिधि २०७८ को दफा ३ को उपदफा २ सँग सम्बन्धित )

पुतलीबजार नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने आँधिखोला को सेतिदोभान घाट देखि बर्लाङ-बेलवास र हेलु आँधि दरौ दोभान घाट सम्मको बगर ,र यस अन्तर्गत रहेका पक्की सडक पुल तथा झोलुङ्गे पुल तल माथिको क्षेत्र , रिंङ्दिखोला र सुरौदीखोला बाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्यका गरी आधीखोलाको धार परिवर्तनबाट हुनसक्ने जोखिम न्यूनीकरण गरी पुल तथा खेतीयोग्य जमिन संरक्षण कार्यका लागि

## प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्नको लागि कार्यसूची
## Terms of Reference (TOR)

<u>प्रस्तावक:</u>

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर , स्याङ्जा

२०७३

बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

बिषय सूची

१. प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना
१.१ प्रस्तावको नाम ........................................................................................................१
१.२ प्रस्तावकको नाम र ठेगाना..........................................................................................१
१.३ प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन प्रतिवेदन तयार पार्ने संस्था ...............................१

२. प्रस्तावको सामान्य परिचय र सान्दर्भिकता
२.प्रस्तावको पृष्ठभूमि ..............................................................................२
२.२ प्रस्तावको प्रकार ..............................................................................................२
२.३ प्रस्तावको प्रमुख विशेषता..........................................................................................३
३. प्रतिवेदन तयार गर्दा अपनाउनुपर्ने विधि
३.१.प्रारम्भिक अध्ययन ...............................................................................९
३.२. फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरिक्षण ..................................................................१०
३.३. सार्वजनिक सूचना, जनपरामर्श एवं सिफारिस पत्रहरु..........................................................१०
३.४ फिल्ड अध्ययन भ्रपणको क्रममा प्रस्ताव क्षेत्रको भ्रमण एवं अवलोकनबाट भौतिक वातावरणसम्बन्धी विवरण तयार गर्ने...............................................................................११
४.प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन नियम तथा निर्देशिका...................१३
५. प्रतिबेदन तयार गर्दा लाग्ने समय र बजेट अनुमान...........................................१४
६. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव..........................................१५
७. प्रस्ताव कार्यान्वयनका विकल्पहरु ...............................................................................१७
८. प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावहरुको रोकथामका कुरा .....................१९
९. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरु ...............................................१९
१०. अन्य आवश्यक विष्य.....................................................................................................२०
११. प्रतिवेदनको ढाँचा.............................................................................................................२०

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय स्याङ्जा २०७३

बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

# १. प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना

१.१ प्रस्तावको नाम :

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
२०७३

पुतलीबजार नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने आँधिखोलाको सेतिदोभान घाट देखि बर्लाङ-बेलवास र हेलु आँधि दरौ दोभान घाट सम्मको बगर र यस अन्तर्गत रहेका पक्की सडक पुल तथा झोलुङ्गे पुल पुल तल माथिको क्षेत्र , रिंङदिखोला र सुरौदीखोला बाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्यका गरी आधीखोलाको धार परिवर्तनबाट हुनसक्ने जोखिम न्यूनीकरण गरी पुल तथा खेतीयोग्य जमिन संरक्षण कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण ।

१.२ प्रस्तावकको नाम र ठेगाना

नाम : पुतलीबजार नगरपालिका ,नगर कार्यपालिकाको कार्यालय

ठेगाना : प्रगतिनगर ,स्याङ्जा

१.३ प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन प्रतिवेदन तयार पार्ने संस्था

संस्थाको नाम : पुतलीबजार नगरपालिका ,नगर कार्यपालिकाको कार्यालय

ठेगाना : प्रगतिनगर ,स्याङ्जा

फोन नं : ०६३-४२०४०९

Website :putalibazarmun.gov.np

Email :info@putalibazarmun.gov.np

अध्ययन टोलीमा रहने विज्ञ :

१.वातावरणविद् :

२.भु-गर्भविद् :

३.बायोलोजिस्ट :

४.समाजशास्त्री :

५.कानून बिज्ञ :

६. भु-गर्भविद् :



बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

## २. प्रस्तावको सामान्य परिचय र सान्दर्भिकता

### २.१ प्रस्तावको पृष्ठभूमि

स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिकाको क्षेत्र हुँदै प्रवाह हुने आँधिखोला, रिंङ्दिखोला र सुरौदीखोला बाट नदीमा ढुङ्गा, गिट्टी, बालुवा प्रचुर मात्रामा रहेको र यिनै प्राकृतिक सम्पदानै यस क्षेत्रको महत्वपूर्ण आयस्रोत एवं विकास निर्माणको बलियो आधारको रुपमा रहेको व्यहोरा सर्वविधितै छ । साथै यस नदीमा तुलनात्मक रुपमा पुलहरुको संख्या समेत बढी मात्रामा रहेको र कतिपय स्थानमा दुईवटा पुलको बिचको दुरी एक कि.मी. भन्दा पनि कम रहेको छ। गण्डकी प्रदेश सरकार, मन्त्रीपरिषदको मिति २०७५/०३/२७ को निर्णयानुसार स्वीकृत भएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन, क्रसिङ र विक्री वितरण तथा क्रसर उधोग स्थापना र संचालन व्यवस्थित गर्ने कार्यविधि, २०७५ कार्यविधिको अनुसूची-३ बमोजिम पक्की एवं झोलुङ्गे पुलबाट ५०० मीटर बाहिरबाट मात्र ढुङ्गा, गिट्टी, बालुवा, माटो उत्खनन् गर्न पाइने व्यवस्था भएको हुँदा पुल आसपासका क्षेत्रमा यस्ता सामाग्रीहरु संचित हुँदै गई परिमाण समेत बढ्दै गएको छ जस्का कारण पुल आसपासका क्षेत्रमा रहेको अनुमानित १० हेक्टर खेतीयोग्य जमिन बर्षातको समयमा कटान हुने खतरा समेत देखिन्छ ।

नेपाल सरकारले वातावरण संरक्षण ऐन २०७६ र सोको नियमावली २०७७ लागू गरेको परिप्रेक्ष्यमा सोही ऐनको दफा ४ मा भय अनुसार स्वीकृति लिएर मात्र ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेल सङ्कलन गर्न पाइने व्यवस्था भएको साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ र गण्डकी प्रदेश सरकारले लागु गरेको ढुंगा,गिट्टी, बालुवा उत्खनन ,संकलन ,क्रसिंग र बिक्रिवितरण तथा क्रसर उधोग स्थापना र संचालनलाई ब्यबस्थित गर्ने कार्यविधि २०७५ बमोजिम ढुङ्गा, गिट्टी र बालुवा सङ्कलन, उत्खनन र निकासीको अनुमति दिनुपूर्व उल्लेखित प्रस्ताव कार्यान्वयन गर्न प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गरी स्वीकृति लिनपर्ने प्रावधान रहेको छ ।

प्रस्तावक पुतलीबजार नगरपालिकाले यी नदीजन्य प्राकृतिक श्रोतहरु बाट दिगो र वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टी तथा बालुवा संकलन, प्रशोधन तथा बजार र अन्य प्रशोधन केन्द्र सम्म ढुवानी गर्ने योजना बनाएको छ । आगामी तीन वर्ष सम्म पनि संकलन तथा उत्खनन कार्य दिगो र वातावरण मैत्रीपूर्ण होस् भन्ने हेतुले यो प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्न लागिएको छ ।



बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

## २.२ प्रस्तावको प्रकार

यो प्रस्ताव स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने आँधिखोला को सेतिदोभान घाट देखि बर्लाङ-बेलवास र हेलु आँधि दरौ दोभान घाट सम्मको बगर र यस अन्तर्गत रहेका पक्की सडक पुल तथा झोलुङ्गे पुल तल माथिको क्षेत्र, रिंङ्दिखोला र सुरौदीखोला बाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्यका गरी आधीखोला ,रिंङ्दिखोला र सुरौदीखोलाको धार परिवर्तनबाट हुनसक्ने जोखिम न्यूनीकरण गरी पुल तथा खेतीयोग्य जमिन संरक्षण कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदन तयार गर्नु हो ।

## २.३ प्रस्तावको प्रमुख विशेषता

| | | |
|---|---|---|
| १ | प्रस्तावको नामः पुतलीबजार नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने आँधिखोला को सेतिदोभान घाट देखि बर्लाङ-बेलवास र हेलु आँधि दरौ दोभान घाट सम्मको बगर र यस अन्तर्गत रहेका पक्की सडक पुल तथा झोलुङ्गे पुल तल माथिको क्षेत्र, रिंङ्दिखोला र सुरौदीखोलाबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्यका गरी आधीखोला, रिंङ्दिखोला र सुरौदीखोलाको धार परिवर्तनबाट हुनसक्ने जोखिम न्यूनीकरण गरी पुल तथा खेतीयोग्य जमिन संरक्षण कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण । | |
| २ | प्रस्तावको अवस्थितिः | |
| | प्रदेश | गण्डकी |
| | जिल्ला | स्याङ्जा |
| | स्थानीय तह | पुतलीबजार नगरपालिका |
| ३ | भौगोलिक/हावापानी प्रकृति एवं विवरण: | |
| | नदीको नाम | आँधिखोला, रिंङ्दिखोला र सुरौदीखोला |
| | भूवनोट Terrain | पहाड |
| | माटो soil | खुकुलो उर्बरा |
| | उचाई (समुद्र सतह माथिको) | ८०० देखि ८३० मिटर सम्म |
| | हावापानी Climate | अर्ध-उष्ण (Sub-Tropical) |



बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

| | | |
|---|---|---|
| ४ | संकलन / उत्खनन क्षेत्र | |
| | १. पुतलीबजार नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने आँधिखोला को सेतिदोभान घाट देखि बर्लाङ-बेलवास र हेलु आँधि दरौ दोभान घाट सम्मको बगर, रिंङ्दिखोला ,सुरौदीखोला र यस अन्तर्गत रहेका पक्की सडक पुल तथा झोलुङ्गे पुल तल माथि | |
| | आक्षंश | २८°०५'५३" उत्तरी आक्षंश |
| | देशान्तर | ८३°५२'३०" पुर्वी देशान्तर |
| | संकलन/उत्खनन विधि | सामान्यतया श्रममुलक प्रविधिको प्रयोग गर्नुपर्नेछ , वातावरण परीक्षण अध्ययन प्रतिवेदनमा उल्लेखित शर्त र सिमा भित्र रही संकलन/उत्खनन सकिनेछ । |
| | संकलन/उत्खनन् कार्यमा प्रयोग हुने सामाग्री वा मेशीनरी | संकलन/उत्खनन् कार्यका लागि हाते औजार जस्तै खन्ती, बेल्चा, आदि प्रयोग गरेर गरिने छ ।<br>जोखिम न्यूनिकरण कार्यमा नगर कार्यपालिकाको निर्णय अनुसार IEE प्रतिबेदनको पूर्ण पालना गरी हेभी उपकरणको प्रयोग गरिनेछ ।<br>र ढुवानीको लागि टिपर, ट्रक तथा ट्राक्टरको प्रयोग गरिने छ । |
| | | |
| | संकलन /उत्खनन् गरीने अबधि | असोज १ गते देखि जेठ मसान्त सम्म (असार, श्रावण र भाद्रमा संकलन गर्नु पर्ने भएमा जिल्ला स्तरीय अनुगमन तथा समन्वय समितिको स्वीकृत लिएर मात्र संकलन तथा उत्खन्न गर्ने) |
| | संकलन/उत्खनन गरिने सामाग्रीहरु : | ढुङ्गा, गिट्टी, र वालुवा |
| | प्रस्तावत अन्तगतका कार्यहरु: | संकलन, उत्खनन तथा ढुवानी र प्रभाव न्युनिकरणहरुको कार्यान्वयन |
| | प्रभावित नगरपालिका | पुतलीबजार नगरपालिका |
| ५ | IEE प्रतिवेदनको वैधानिकता : | IEE प्रतिवेदन स्वीकृत भएको तीन(३) बर्ष सम्म |



बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

पुतलीबजार नगरपालिका
बगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

## २.३.१ प्रस्तावको क्षेत्रको अवस्थिति

प्रस्ताव स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका भएर बहने आँधिखोला , रिंङ्दिखोला र सुरौदीखोला नदीको बगर क्षेत्रमा पर्दछ । प्रस्ताव क्षेत्रको अवस्थिति सारंसमा google map मा देखाइएको छ । जसमा पहेलो घेराले पहुँच मार्गलाई जनाउँछ । सम्पुर्ण उत्खनन् क्षेत्रहरु पहुँच मार्गको नजिकै भएकाले सजिलै ढुवानि गर्न सकिन्छ ।अक्षांश, देशान्तर, संकलन उत्खनन स्थल र उत्खनन् गर्न मिल्ने परिणाम प्रारम्भिक प्रतिवेदनमा प्रष्ट हुनेगरी देखाइने छ । प्रस्तावित बगरहरुको स्थान निम्नानुसार क्रममा नक्सामा देखाईएको छ ।

**<u>प्रस्तावित नदि/खोला ,बगर र स्थान</u>**

| | | | |
|---|---|---|---|
| १. | आँधिखोला | सेतिदोभान-दुईघरे-दुलेरह-पुतलीखेत बजारको माथिल्लो भाग सम्म, | पुतलीबजार न.पा. वार्ड नं.४,१४, |
| | | छिंडि र खल्लुबोट , | पुतलीबजार न.पा. वार्ड नं.१४,१३,१०, |
| | | लाम्पाटा(आँधिखोला रिङ्दि पुछार र आँधिदोभान ) र गैरीजाँगर सम्म , | पुतलीबजार न.पा. वार्ड नं. ११,१३, |
| | | बर्लाङ-बेलवास र हेलु आँधि दरौ दोभान, | पुतलीबजार न.पा. वार्ड नं. ११,१३, |
| २. | आँधिखोला (सडक पक्की पुल,बस्ती ,खेतीयोग्य जमिन संरक्षण को लागि ) | लामागे देखि स्याङ्जा बजार जोड्ने झोलुङ्गे पुल तलमाथीको क्षेत्र ,मालेबगर पक्की पुल तलमाथीको क्षेत्र,लाम्पाटा पक्की पुल तलमाथीको क्षेत्र, | पुतलीबजार न.पा. वार्ड नं. १,३,१०,११. १३,१४, |
| ३. | रिंङ्दिखोला | रिंङ्दिखोला घाट , | पुतलीबजार न.पा. वार्ड नं. १३, |
| ४. | सुरौदीखोला | सुरौदीखोला र प्यूरिदोभान घाट, | पुतलीबजार न.पा. वार्ड नं. ०६, |



बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

२.३.२ प्रस्तावित क्षेत्रमा यातायातको पहुचमार्ग

बगरहरु सिदार्थ राजमार्गको दायाँबायाँ भएकाले ढुङ्गा, गिट्टी, वालुवा, संकलन/उत्खनन क्षेत्रमा पुग्नका लागि पहुँचमार्गको सुबिधा छ । साथै मालेबगर अर्जुनचौपारी सडकलाई उपयोगमा ल्याइने छ । साथै सबै क्षेत्रहरुमा गाम्रीण तथा कच्ची बाटो छन् । यस बाटोमा राम्रो संङ्ग टिप्पर, ट्राक्टर र ढुवानीका साधनहरु चल्न सक्दछन् ।

२.३.३ प्रस्तावको क्षेत्र निर्धारण

स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका भएर बहने आधिखोला, रिंङदिखोला र सुरौदीखोलाको नगरपालिका क्षेत्रमा ढुंगा गिट्टी, बालुवा उत्खनन /संकलन क्षेत्र रहेको छ । प्रारम्भिक प्रतिवेदनमा सङ्कलन/उत्खनन गर्ने क्षेत्र निर्धारण सहित अक्षांश र देशान्तर दिनुका साथै उपर्युक्त गुगल नक्शामा देखाइनेछ ।जसमा आधिखोलाको नदी का पाँच (५)वटा साइटहरु, रिंङदिखोला र सुरौदीखोलाको एक/एक (१) साइट रहेको उक्त बगरहरु क्षेत्रबाट उल्लेख्य मात्रामा ढुंगा गिट्टी, बालुवा उत्खनन् गर्न सकिने छ ।

**उच्च प्रभाव क्षेत्र**

यो क्षेत्रमा ढुङ्गा, गिट्टी तथा वालुवा संकलन तथा उत्खनन गरिने स्थल पर्दछ । संकलन तथा उत्खनन गरिने स्थलबाट ५० देखि १५० मी. सम्म पर्ने वरपरका वरपरका वस्ती, नहर, सिचाइ्र, खेतीयोग्य जमिन, स्कुल आदि, इत्यादि क्षेत्र तथा सडकलाई उच्च प्रभाव क्षेत्रमा राखिइएको छ ।

**न्यून प्रभाव क्षेत्र**

आधिखोला नदीका संकलन तथा उत्खनन स्थलबाट १५० मी. देखि ५ कि. मी सम्म पर्ने वरपरका वस्ती, नहर, सिचाइ्र, खेतीयोग्य जमिन, स्कुल आदि, इत्यादि न्यून प्रभाव क्षेत्रलाई राखिएको छ ।



बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

२.३.४ सङ्कलन तथा उत्खनन र ढुवानी (कार्य र विधि)

निर्दीष्ट क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन कार्य हात र हाते औजारहरु जस्तै कुटो, कोदालो, गैचि, साबेल आदिबाट गरिने छ । नदीजन्य पदार्थ संकलन/उत्खनन कार्यमा संलग्न जनशक्तिलाई समाज तथा बातावरणमा पर्न सक्ने प्रतिकुल प्रभाव बारे अभिमुखिकरण तालिमबाट सचेत गराईने छ । नदीको प्राकृतिक बहावमा प्रतिकुल असर पर्ने र बहाव मार्ग परिवर्तन हुने गरि संकलन/उत्खनन गर्न दिईने छैन । पानी भएको क्षेत्रमा संकलन/उत्खनन कार्य नगर्ने र संकलन/उत्खनन कार्य दिउंसो मात्र गरिने छ । बर्षाको समयमा असार महिना देखि भाद्र महिना सम्म ससंकलन/उत्खनन कार्य गरिने छैन र अन्य समयमा ढुवानी कार्य गर्न ट्रलि, ट्राक्टरको तथा टिपरको प्रयोग गरिने छ । जसका लागि प्रारम्भिक प्रतिवेदन पास भए लगतै नगरपालिकाको रहोवरमा अनुगमन समिति बनाइनेछ ।

२.३.५ प्रारम्भिक वातावरणीय परिक्षण IEE को  कार्यसूची(TOR) का उद्धेश्यहरु

प्रस्तावित कार्यसुचि बातावरण ऐन र नियमावली, स्थानीय स्वायत्त शासन ऐन, नियम तथा मन्त्रालयका निर्देशनहरुको अधीनमा रही निम्नानुसार उद्देश्यहरु समावेश गरिएका छन् –

- मुख्य सवालहरुलाइ कार्यसुचिमा परिदृश्य गराउनु ।
- प्रारम्भिक वातावणीय परीक्षणका लागि मार्गदर्शन दिनु ।
- सम्पादन गरिने कार्यहरुको व्यवस्थित सुचि तथा क्रियाकलाप स्पष्ट बनाउनु ।
- प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन तयार गर्न स्पष्ट मार्गनिर्दे गर्नु ।

२.३.६ प्रारम्भिक वातावरणीय परिक्षण IEE को उद्देश्यहरु

पुतलीबजार नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने आँधिखोला को सेतिदोभान घाट देखि बर्लाङ-बेलवास र हेलु आँधि दरौ दोभान घाट सम्मको बगर र यस अन्तर्गत रहेका पक्की सडक पुल तथा झोलुङ्गे पुल तल माथि क्षेत्रबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्यका गरी आधीखोलाको धार परिवर्तनबाट हुनसक्ने जोखिम न्यूनीकरण गरी पुल तथा



बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

खेतीयोग्य जमिन संरक्षण कार्य गर्ने IEE को प्रमुख उद्‌देश्य रहेको छ । अन्य बिशिष्ट उद्‌देश्यहरु निम्मानुसार रहेका छन् ।

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय स्याङ्जा २०७३

- नदीको छेउछाउमा रहेका भुमि, बस्ती तथा वन वनस्पतिको संरक्षण गर्ने
- जल उत्पन्न प्रकोपको न्यूनिकरण, ढुङ्गा, गिट्टी तथा बालुवाको दिगो एवं वातावरणमैत्री संकलन/उत्खनन गर्ने
- ढुङ्गा, गिट्टी, बालुवाको सङ्कलन कार्यमा रोजगारमा योगदान दिइ राष्ट्रिय आय बृद्धि गर्न सघाउ पु¥याउने
- स्थानीय श्रोतको सदुपयोग गर्ने रस्थानीय श्रोत संकलन र सदूपयोगको बैधानिक पद्धति कायम गर्ने
- प्रभावित क्षेत्रमा आएको आय आर्जनबाट बिकास निर्माणका कार्यहरुलाई बढि प्राथमिकता दिने ।

२.३.७ प्रारम्भिक वातावरणीय परिक्षण IEE को आवश्यकताः

प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गरी सो को आधारमा नदीबाट ढुंगा, वालुवा, ग्रावेल संकलन गर्दा स्थानीय वातावरणमा के कस्तो सकारात्मक वा नकारात्मक प्रभाव पर्छ भनी एकीन गर्नु नितान्त आवश्यक हुन्छ । ढुंगा, वालुवा, ग्रावेल संकलनबाट स्थानीय जैविक, भौतिक, रासायनिक तथा सामाजिक-सांस्कृतिक वातावरणमा प्रतिकूल असर पर्न नदिन र तिनको नकारात्मक प्रभाव कम गर्न यस जिल्लाका विभिन्न खोलाहरुवाट ढुंगा, वालुवा, ग्रावेल संकलनका लागी प्रारम्भिक वातारणीय परीक्षण तयार पारिएको छ । वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७, स्थानीय सरकार सञ्चालन ऐन २०७४, गण्डकी प्रदेश सरकारले लागु गरेको ढुंगा,गिट्टी, बालुवा उत्खनन ,संकलन ,क्रसिंग र बिक्रिवितरण तथा क्रसर उधोग स्थापना र संचालनलाई ब्यबस्थित गर्ने कार्यविधि -२०७५ नियम तथा मन्त्रालयका निर्देशनहरुको अधीनमा रही संकलन तथा बितरण समेत गर्नलाई यो प्रस्ताव तयार पारिएको हो ।

## ३. प्रतिवेदन तयार गर्दा अपनाउनुपर्ने विधि



बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

३.१. प्रारम्भिक अध्ययन

यस प्रकारको अध्ययनमा उपलब्ध सन्दर्भ सामग्रीहरुको अध्ययन, नक्शाहरुको अध्ययन तथा प्रश्नावलीहरुको तयारी र चेकलिष्टहरुको तयारी तथा तिनको परीक्षणपछि अन्तिम रुप दिने कार्य गरिने छ । कार्यालयमा नै field वाट प्राप्त सुचनाहरुको विष्लेषण तथा समायोजन गरिने छ । प्रस्ताव कार्यान्वयन हुने क्षेत्र त्यहा वरपरको भौतिक वातावरण सम्बन्धि जानकारी हासिल गर्न Topographic map,Land Utilization map,Land System map र District Land System map को अध्ययन गरिनेछ ।

प्रतिवेदन तयार गर्ने क्रममा सम्बन्धित उद्धेश्य प्राप्तिका लागि अध्ययन टोलीले उपलब्ध भए सम्मका सन्दर्भ सामग्रीहरु अध्ययन गर्ने छ । यस क्रममा खासगरी वन नीति २०७५, वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७, स्थानीय सरकार सञ्चालन ऐन २०७४, गण्डकी प्रदेश सरकारले लागु गरेको ढुंगा,गिट्टी, बालुवा उत्खनन ,संकलन ,क्रसिंग र बिक्रिवितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई ब्यबस्थित गर्ने कार्यविधि २०७५ , वन ऐन २०७६ सो को नियमावली , जैविक विविधता सम्बन्धी रणनीति २०५९, जिल्लाको वार्षिक वन पैदावार सदुपयोग योजना र पंचवर्षीय योजनाहरु प्रमुख रुपमा रहने छन् । साथै यस प्रस्तावसँग सम्बन्धित हुनसक्ने अन्य लेख रचना र सामग्रीहरु भएमा तिनको समेत पुनरावलोकन हुने छ ।

३.२. फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरिक्षण

अध्ययन टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा स्थलगत भ्रमण गरी तहाँको भौतिक, जैविक, सामाजिक-सांस्कृतिक तथा आर्थिक वातावरण सम्बन्धी आवश्यक सूचनाहरु हासिल गर्ने छ । प्रारम्भिक प्रतिवेदन तयार गर्न आवश्यक पर्ने पहिलो र दोस्रो क्रमका सूचनाहरु स्थलगत सर्वेक्षण र GPS बाट सर्भे तथा नक्सांकन गरि सन्दर्भ सामग्रीहरुको पुनरावलोकनबाट प्राप्त गरिने छ । प्रतिवेदन तयार पार्न आवश्यक पर्ने प्रारम्भिक भौतिक तथा जैविक वातावरण सम्बन्धी तथ्याङ्कहरु वन क्षेत्रको स्थलगत भ्रमण, सर्वेक्षणबाट र सामाजिक, आर्थिक र सास्कृतिक वातावरणीय तथ्याङ्कहरु, सहभागीतामूलक ग्रामीण लेखाजोखा वा नक्शाहरुबाट संकलन गरिने छ ।

प्रस्ताव कार्यान्वयन हुने स्थानहरुको सामाजिक, आर्थिक तथा अन्य सूचनाहरु जिल्लाबाट प्रकाशित हुने वा भएका विभिन्न निकायका मुखपत्रहरुबाट प्राप्त गरिने छ र सो सूचनाहरुको सत्य तथ्य मिलान गर्न स्थानीय स्तरमा छड्के जाँच गर्न नियमानुसार आवश्यक पर्ने बुँदाहरु समेट्ने गरी प्रश्नावली तथा चेकलिस्ट तयार पारिने छ । खोलाहरु र त्यहाँका वनस्पति, वन्यजन्तु, चराचुरुङ्गी र किराफट्याङग्राहरुको समेत जानकारी हासिल गर्न आवश्यक चेकलिस्ट तयार पारिने छ ।



बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

### ३.३. सार्वजनिक सूचना, जनपरामर्श एवं सिफारिस पत्रहरु

पुतलीबजार न.पा. को वातावरणीय अध्ययन कार्यबिधि, २०७८ को अधीनमा रही यसले सुझाएको प्रक्रिया अनुसरण गरि वातावरणीय अध्ययन गरिने छ । जसअनुसार सर्वप्रथम प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन तयारीको लागि तयार कार्यसूची स्वीकृत भए पश्चात् कुनै एक राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव कार्यान्वयन हुदा स्थानीय वातावरणमा पर्न सक्ने प्रभावका बारेमा लिखित राय सुझाव दिन अनुरोध गरिने छ । उक्त सूचना समेतको आधारमा प्राप्त राय सुझाव प्रस्तावित स्थान वरपर पाइने वन, जीवजन्तु, वनस्पति र जैविक विविधता क्षेत्रको स्थलगत भ्रमण गरी प्रारम्भिक वातावरणीय परीक्षण गरिने छ । यसरी अध्ययन गरी प्राप्त जानकारी र सरोकारवालाहरु समेतको राय सुझावको आधारमा प्रारम्भिक वातावरणीय परीक्षण मस्यौदा प्रतिवेदन तयार गरिने छ ।

### ३.४ फिल्ड अध्ययन भ्रमणको क्रममा प्रस्ताव क्षेत्रको भ्रमण एवं अवलोकनबाट भौतिक वातावरणसम्बन्धी विवरण तयार गर्ने

#### ३.४.१ भौतिक वातावरणसम्बन्धी तथ्याङ्क संकलन

यस सम्बन्धी कार्यमा अध्ययन टोलीले सम्बन्धित क्षेत्र वरपर रहेका केही नमूना क्षेत्रहरु छानी ती क्षेत्रहरुको हिडेर स्थलगत अध्ययन विश्लेषण गर्ने छ । यस टोलीले प्रस्तावित क्षेत्र वरपर बस्ने ग्रामीण जनता,key informants,local workers,truck and tractors owners,local collectors सँग समूहगत वा एकल सोधपूछ र छलफल गरी त्यस क्षेत्रको भौतिक जानकारी, खासगरी चट्टान, माटो, जलाधार, पहिरो, खोलानाला, हावापानी आदिका बारेमा थाहा पाउने उपाय गरिने छ भने रासायनिक पदार्थहरुको प्रभाव तथा प्रतिकूल प्रभाव न्युनिकरण सम्बन्धमा सम्बन्धित विशेषज्ञको विश्लेषण तथा राय सुझाव समावेश गरिने छ ।

#### ३.४.२ जैविक वातावरणसम्बन्धी तथ्याङ्क संकलन



बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

अध्ययन टोलीले सम्बन्धित क्षेत्रमा स्थलगत भ्रमण गरी तथ्याङ्क संकलन गर्ने छ । यसको लागि टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा पाइने वन्यजन्तु, चरा, वनस्पति, कीटपतङ्गको हकमा आवश्यक जानकारी टिपोट गर्ने छ । त्यसै गरि पानीमा पाइने माछा लगाएत जलचरको बारेमा जानकारी लिन खोलामै माछा मारेर निर्वाह गर्ने माझीहरुसँग सोधपुछ गर्ने र संकलित नमुनाहरुको पहिचान गरिनेछ । साथै यहा पाइने चरा पुतली, किरा, स्तनधारी जीवहरुको बारेमा जानकारी लिन स्थानीय जनता key informants,local workers,truck and tractors owners,local collector सँग सोधपुछ गरी त्यस क्षेत्रको जैविक वातावरणको जानकारी संकलन गरिने छ । साथै सोही अवसरमा प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्नसक्ने अनुकूल वा प्रतिकूल प्रभावको बारेमा समेत छलफल गरी तथ्याङ्क संकलन गरिने छ ।

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

### ३.४.३ सामाजिक, आर्थिक, सांस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन

यस प्रकारको तथ्याङ्क संकलन गर्न अध्ययन टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्र वरपर बसोबास गर्ने स्थानीय जनताको घरदैलो कार्यक्रम अपनाई छनौट गरिएका घरधुरी सर्वेक्षण गरिने छ । उक्त क्षेत्रमा रहेका धार्मिक, पर्यटकीय तथा सांस्कृतिक महत्वका स्थानहरुमा प्रस्ताव कार्यान्वयनले पार्न सक्ने प्रभावका बारेमा समेत स्थानीय स्तरमा सहभागितामूलक छलफलबाट सूचना संकलन गरिने छ । यसरी जानकारीहरु हासिल गर्दा विभिन्न जात, भाषा, धर्म, पेशा, वर्ग र लिंग आदिको प्रतिनिधित्व हुने गरी व्यवस्था मिलाइने छ । तयार गरिएका प्रश्नावलीहरु छनोट गरिएका घरधुरीको पारिवारिक विवरण, पेशा, बसोबास, भू–स्वामित्व, कृषि तथा पशुपालन, शैक्षिक स्थिति, वार्षिक आम्दानी ढुङ्गा गिटी र वालुवाको उपयोगसम्बन्धी जानकारी संकलन गर्न प्रयोग गरिने छ ।

### ३.४.४ तथ्याङ्क समीक्षा एवं वातावरणीय प्रभावको अनुगमन

स्थलगत भ्रमणबाट प्राप्त सूचनाहरुको अध्ययन तथा सन्दर्भ ग्रन्थ तथा सामग्रीहरुको पुनरावलोकनबाट प्राप्त जानकारीहरुलाई प्रस्ताव कार्यान्वयन गर्दा हुने वा हुन सक्ने संभाव्य प्रतिकूल र अनुकूल प्रभावको पहिचान गरी तिनलाई भौतिक, जैविक, सामाजिक-सांस्कृतिक-आर्थिक गरी तीन शीर्षकमा छुट्याएर वर्गीकरण गरिने छ ।



बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

प्रस्तावित क्षेत्रको विशेष अध्ययन गर्दा गरिएको विश्लेषणबाट आएका प्रथम र दोस्रो क्रममा भएका तथ्याङ्क तथा जानकारीलाई संक्षिप्तिकरण गरी आवश्यकता अनुसार तालिकामा राख्ने तथा प्रतिवेदनको उपयुक्त भागमा समावेश गरी त्यसको संख्या समेत गणना गरिनेछ ।

प्रस्ताव कार्यान्वयन गर्दा हुने सम्भाव्य अनुकूल र प्रतिकूल असरहरुको पहिचान गरी त्यसको जैविक, भौतिक, सामाजिक आर्थिक गरी ३ शिर्षक अन्तगत छुट्याईनेछ । पहिचान गरिएका सम्भाव्य अनुकूल र प्रतिकूल असरहरुको स्थानीय वातावरणमा भविष्यमा हुन सक्ने परिवर्तनहरुको अनुमान गरिनेछ । वातावरणीय पद्धतीको विश्लेषण गर्न मेट्रिक्स प्रणाली अपनाईनेछ । प्रस्ताब सँग सम्वन्धित नीति, कानुन, नियम, निर्देशिका र पूर्व अनुभव तथा विशेषज्ञताको आधारमा ठहर गरिनेछ ।

उपरोक्त बुँदाहरुमा बताइए अनुसार तथ्याङ्क संकलन भए पश्चात् प्राप्त सूचनाहरुलाई अध्ययन गरी आवश्यकता अनुसार प्रष्ट पारिने छ ।

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

## ४.प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन नियम तथा निर्देशिका

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा निम्न बमोजिमका सरकारी नीति, ऐन, नियम तथा निर्देशिकाहरुलाई मूख्यरुपमा ध्यान दिई त्यसैको आधारमा तयार गरिने छ ।

| | |
|---|---|
| संविधान | • नेपालको संविधान, २०७२ |
| नीति तथा रणनीतिक योजनाहरु | • राष्ट्रिय जैविक विविधता सम्बन्धि रणनीति, २०५९<br>• वन क्षेत्रको गुरुयोजना,२०४६ |
| ऐन तथा नियमहरु | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४<br>• गण्डकी प्रदेश सरकारले लागु गरेको ढुंगा,गिट्टी, बालुवा उत्खनन ,संकलन ,क्रसिंग र बिक्रिवितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई ब्यबस्थित गर्ने कार्यविधि (२०७५<br>• वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियावली, २०७७<br>• वन ऐन २०७६ सो को नियमावली<br>• राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९<br>• भू -तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४२<br>• जलस्रोत ऐन, २०४९<br>• जलचर ऐन, २०१७ |



बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

| | |
|---|---|
| | • खानी तथा खनिज पदार्थ ऐन, २०४२<br>• फोहर व्यवस्थापन ऐन, २०६८<br>• श्रम ऐन, २०७४ र नियमावली २०७५<br>• बालश्रम ऐन २०५९<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) |
| निर्देशिका / कार्यविधि एवं मापदण्डहरु | • राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका, २०५०<br>• वन क्षेत्रको वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका,२०५२<br>• वनसंग सम्वन्धित अन्य निर्देशिकाहरु जिल्लास्तरबाट नदीजन्य पदार्थ संकलन र उत्खनन कार्यका लागि गरिने प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन को कार्यसूची तथा प्रतिवेदन स्वीकृत मार्गदर्शन,२०७३<br>• पुतलीबजार नगरपालिकाको प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७८ |
| अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरु | • जैविक विविधता महासन्धि (१९९२)<br>• CITES महासन्धी (१९८३) |
| निर्णयहरु तथा अन्य सम्बन्धित प्रसंगहरु | • ढुंगा, गिट्टी, वालुवा तथा मिस्कट संकलन सम्बन्धमा सर्वोच्च अदालतको निर्णय<br>• ढुंगा, गिट्टी, वालुवा तथा मिस्कट संकलन सम्बन्धमा मन्त्रीपरिषद्का निर्णयहरु, मन्त्रालयस्तरीय निर्णयहरु, केन्द्रीय अनुगमन तथा समन्वय समितिका निर्णहरु तथा अन्य सम्बन्धित निर्णय, निर्देशन, परिपत्र, आदेशहरु । |

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय स्याङ्जा २०७३

बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

# ५. प्रतिबेदन तयार गर्दा लाग्ने समय र बजेट अनुमान

## ५.१ अध्ययनको समय तालिका (Time Schedule)

| क्र.स. | क्रियाकलापको विवरण | समय | |
|---|---|---|---|
| | | पहिलो महिना | दोस्रो महिना |
| १ | तथ्याङ्क संकलन (Primary and Secondary Information collection) सन्दर्भ सामग्रीहरुको अध्ययन र कार्यसुचि तयारी | | |
| २ | कार्यसुचि पेश गरि स्वीकृति लिने | | |
| ३ | सार्वजनिक सुचना प्रकाशन, चेकलिष्ट तथा प्रश्नावली तयारी, स्थलगत जानकारी संकलन र सार्वजनिक अन्तरक्रिया | | |
| ४ | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको मस्यौदा (ड्राफ्ट) तयार | | |
| ५ | सरोकारवालाबाट प्राप्त सुझाव समावेश गरि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन लेखन | | |
| ६ | पुतलीबजार नगरपालिकामा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पेश गरि स्वीकृति लिने | | |

बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

५.२ अनुमानित अध्ययन खर्च लागत

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा लाग्ने बजेट यसै साथ संलग्न स्वीकृत लागत अनुमान अनुसार हुनेछ ।

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

६. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव

६.१ सामाजिक-आर्थिक

- आयस्रोतको एवं रोजगारीको अवसर
- बाटो र सडक सञ्जाल
- नगरपालिका /नगरपालिकाको आयस्रोत
- विकार निर्माण सामग्रीको उपलब्धता
- पेशागत स्वास्थ्य तथा सुरक्षामा असर पर्नु
- जनसङ्ख्या विस्थापना
- खेतीयोग्य जमिन एंव कृषिजन्य सामग्री
- कामदारबीच झै झगडा
- नदीको वरपर बस्ती विस्तार एवं नदी अतिक्रपण
- पैदलयात्रीको सुरक्षा

**६.२ भौतिक-साँस्कृतिक**

- बढी एवं अन्य जलउत्पन्न प्रकोप्
- नदीको वहाब, बाटोमा आउने प्रभाव
- भौतिक संरचनामा हुने असर
- पानी तथा सरसफाइ
- धुलो र ध्वनि प्रदुशनको असरहरु



बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

- सङ्कलन तथा उत्खनन सामग्रीको भण्डाको प्रभाव
- फोहरमैला एवं खेरजाने सामग्री
- धार्मिक, सांस्कृतिक एंव ऐतिहासिक स्थल

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

### ६.३ रसायनिक वातावरण

- इन्धन, लुब्रिकेन्ट्स, अम्ल तथा अन्य रसायनहरुको चुहावट
- धुलो एवं धुँवा उत्सर्जन

### ६.४ जैबिक वातावरण

- माछा एवं अन्य जलचरमा पर्ने प्रभाव
- वन्यजन्तुको आवतजावत
- गैरकानुनी शिकार
- वन्यजन्तु एवं वनपैदावारको गैरकानुनी व्यापार

बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

७. प्रस्ताव कार्यान्वयनका विकल्पहरु

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

१. डिजाइन

प्रस्ताव कार्यान्वयनको वैकल्पिक विश्लेषणलाई प्रारम्भिक वातावरणीय परीक्षणको महत्वपूर्ण भागको रुपमा लिने गरिन्छ । वैकल्पिक विश्लेषणलाई वातावरणीय उपदेयता, प्राविधिक तथा आर्थिक संभाव्यताले निर्धारण गरेको हुन्छ । प्रारम्भिक वातावरणीय परीक्षण गर्ने विज्ञ टोलीले विभिन्न वातावरणीय प्रभाव निर्धारण र आर्थिक गोपनीयताको आधारमा वैकल्पिक विश्लेषण गरेको हुन्छ । वैकल्पिक विश्लेषण गर्नुको मुख्य उद्देश्य फाइदाजनक प्रभावलाई बढाउने र हानिकारक प्रभावलाई घटाउने हो ।

कुनै कार्य नगर्ने अवधारणा वैकल्पिक अध्ययनको पहिलो आधार हो । यसको आधारमा प्रस्ताव बाट प्रक्षेपण गरिएको सकारात्मक प्रभावहरुलाई प्राप्त गर्न सकिदैन भन्ने बुझिन्छ । प्रस्ताव कार्यान्वयन नगर्ने बिकल्प भन्नाले प्रस्तावित क्षेत्रमा भएका ढुंगा, गिट्टी, वालुवा संकलन तथा उत्खनन नै नगर्ने र सो क्षेत्रलाई पुर्ण रुपमा निषेधित क्षेत्रको रुपमा विकास गर्ने अथवा अरुनै कुनै विकल्प खोज्ने भन्ने बुभिन्छ । यस प्रकारको विकल्पले गैर कानुनी रुपमा श्रोत संकलन गरेमा प्रचलित ऐन कानून बमोजिम दण्ड सजाय गर्नु पर्ने र उक्त क्षेत्रको पूर्ण रेखदेख नगरपालिका बाट गर्नु पर्ने हुन्छ जस कारण राजस्वको श्रोत घट्नुका साथै श्रोत संकलन नहँुदा श्रोतको सदुपयोग नभई खेर जाने सम्भावना हुन सक्छ । ढुङ्गा, गिट्टी, बालुवा आदि संकलन नगर्दा खोलाको सतह बढ्न गई बाढीको पानी बस्ती र खेतमा पसी धनजनको नोक्सानी हुने तथा स्थानीय विकास निर्माण कार्यमा प्रतिकूल असर स्याङ्जा खोलाले पार्न सक्छ । तसर्थ यस अध्ययनको थप विकल्पको विश्लेषण पश्चात प्रस्ताव कार्यान्वयन गर्ने र नगर्ने भन्ने कुरालाई प्रस्तावको कार्यान्वयनका विकल्पहरुको रुपमा लिन सकिन्छ ।

बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

२. आयोजना स्थल

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

बिकास निर्माणका कार्यहरुमा आवश्यक पर्ने ढुंगा, गिट्टी, वालुवा आदि जस्ता निर्माणमा प्रयोग हुने श्रोतहरु खोलानाला वा खनिज बाट मात्र प्राप्त हुने गर्दछ । तसर्थ विकास निर्माणको अत्याधिक चाप खेपिरहेको स्याङ्जा जिल्लामा दिगो रुपमा ढुंगा, गिट्टी, वालुवा आदि संकलन तथा उत्खनन् कार्य गर्न आवश्यकताको रुपमा लिन सकिन्छ । यद्दपि यस कार्य गर्दै गर्दा अवैज्ञानिक र अनियन्त्रित रुपबाट संकलन तथा बिक्री वितरणको निगरानी गर्नु पर्ने, अदक्ष मानिसहरु बाट संकलन गर्न नहुने र व्यवसायीक रुपमा काम गर्ने व्यक्तिहरुलाई मात्र व्यवसायिक बिक्री वितरण गर्नु पर्ने हुन सक्छ ।

बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

३. प्रबिधि र संचालन बिधि , समय तालिका

ढुंगा, गिट्टी, वालुवा संकलन तथा उत्खनन असोज १ गते देखि जेष्ठ मसान्त महिनासम्म, बर्षको २७० दिन उपयुक्त रहने सुझाव दिइएको छ । उत्खनन् कार्य विहानको ९ बजे देखी बेलुकाको ५ बजे भित्र मात्र गर्न सुझाव दिन सकिन्छ । अन्य ठाँउमा भएको संकलन विधि हेर्दा अव्यवस्थित किसिमबाट संकलन तथा उत्खनन गरिएको जानकारी आएको छ ।त्यसैले आँधिखोला नदीको हकमा पनि संकलन गर्दा जहाँ पायो त्यही संकलन नगरी तोकिएको क्षेत्रबाट मात्र संकलन कार्य गर्नु पर्ने हुन्छ । सम्भावित नकारात्मक असरहरुबाट बच्न उत्खनन्/संकलन कार्यलाई वर्षा याममा पूर्णरुपमा बन्द गर्न सकिन्छ । बालबालिका सम्बन्धि ऐन २०७५ अनुसार स-साना बच्चाहरुलाई कुनै पनि काममा लगाउन हुने छैन ।

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

४.अन्य कुरा :

ढुंगा, गिट्टी, वालुवा संकलन तथा उत्खनन, निकासको लागि अरु बिकल्प नहुन सक्छ तर पनि गिट्टि र ढुङ्गाको ठाउँमा ईट्टाउधोग तथा ढुंगा खानी उद्योग प्रयोग गर्न सकिने देखिन्छ । तथापि इंटा उधोग तथा ढुंगा खानी उद्योग स्थापना गर्दा अतिरिक्त लगानीको आवश्यकता पर्न सक्ने तथा खानी तथा ईंटा उद्योगहरुको वातावरणीय प्रदुषणको मात्रा पनि बढी हुने भएको कारण, स्थानिय क्षेत्रमा प्राप्त सिमित श्रोत साधनबाट खोलाको तटीय क्षेत्रबाट व्यवस्थित रुपमा च्यानल वनाई ढुगा गिट्टि संकलन गर्न सकिने हुँदा यस्ता श्रोत साधन उपयोगी हुनुका साथै खोलाजन्य प्रकोप पनि न्युन हुने देखिन्छ ।

बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

८. प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावहरुको रोकथामका कुराहरुः

प्रस्तावको बढोत्तरीकरण/न्यूनीकरण गर्ने उपायहरुको चर्चा गर्दा देहायका विषयवस्तुहरु समावेश गरिनुपर्दछ। अध्ययनका क्रममा पहिल्याएका एवं अनुमान गरिएका हरेक सकारात्मक प्रभावहरुको बढोत्तीकरण गर्ने उपायाहरु एवं हरेक नकारात्मक प्रभावहरु निषेध गर्ने/सच्याउने/क्षतिपूर्ति तिर्ने जस्ता प्रभाव न्यूनीकरण उपायहरु प्रतिवेदनमा उल्लेख गरिनेछ । यो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरु कम गर्न लाग्ने खर्च र त्यसबाट प्राप्त हुनसक्ने आर्थिक र अन्य लाभहरुबारे विश्लेषण गरी उपयुक्त सुझाव प्रतिवेदनमा समावेश गरिनेछ ।

प्रभाव बढोत्तरीकरण एवं न्यूनीकरणका उपायहरु प्रस्ताव कार्यान्वयनको (सङ्कलन/उत्खनन ढुवानी) चरणमा भौतिक, जैविक, सामाजिक आर्थिक एवं सांस्कृतिक र रासायनिक वातावरण गरी ४ समूहमा वर्गीकरण गरिनेछ ।

९. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरु:

अनुगमन प्रक्रियालाई दुरुस्त बनाउन उपयुक्त अनुगमनका सुचकहरु र मापदण्ड तयार पारी प्रभावकारी अनुगमन प्रक्रिया प्रारम्भिक प्रतिवेदनमा समावेश गरिनेछ ।

बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)

१०. अन्य आवश्यक बिषय :

प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदनमा व्यवस्थापन योजना बनाई देहायका विषयवस्तुहरु समावेश तथा उल्लेख गर्नुपर्दछ । प्रतिवेदन स्वीकृतिको लागि पेश गर्दा निम्नानुसारका कागजातहरु समेत प्रतिवेदन साथमा संलग्न राखी पेश गरिनेछ।

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

क) वातावरणीय व्यवस्थापना योजना कार्यान्वयनको लागि जिम्मेवारी तालिका

ख) प्राविधिक अनुगमन कार्यमा आवरुयक प्राविधिक जनशक्ति एवं अनुगनको खर्च विवरण

ग) स्थानीय तहमा रहने अनुगमन टोलीको विवरण एवं अनुगमन खर्चवातावरण सुरक्षा,संरक्षण उपायहरुको लागत खर्च प्रस्ताव गर्नुअघि निम्न विषयहरु ध्यान दिइने छ ।

घ) सम्पत्ति क्षतिको लागि उपयुक्त क्षतिपूर्ति दिने

ङ) वातावरणमा पर्ने प्रतिकूल प्रभावहरु न्यूनिकरण गर्नाका लागि उपयुक्त प्रभाव न्यूनीकरणका उपायहरुको चयन गर्ने

च) स्वस्थ एवं सरसफाइ गर्ने उपायहरुलागत लाभ मूल्याङ्कनको निचोडमा निम्न कुराहरु उल्लेख गरिनेछ ।

छ) वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरु ऋपनाउनको लागि लाग्ने खर्च

झ) सकारात्मक प्रभाव बढोत्तरीकरण्वका उपायहरु अवलम्वन गर्नका लाग्ने खर्च

ज) सामाजिक उत्थान कार्यक्रमको लागि लाग्ने खर्च ,वतावरणीय अनुगमनका गागि लाग्ने खर्च,प्रस्तावको कूल आय रवातावरणीय खर्च प्रस्तावको कूल आम्दानीको कति प्रतिशत हुन आउछ

११. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा

प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्ने प्रस्तावकले पुतलीबजार नगरपालिकाको प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि,२०७८ को अनुसूची ७ मा उल्लेख भएको ढाँचामा प्रतिवेदन तयार गर्नुपर्नेछ ।

बिमल रञ्जन कार्की
(सिनियर डिभिजन ईन्जिनियर)